# धर्मदेवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मुढेशनिश्चरे, सङ्खुवासभा ।

## ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख उत्खनन/संकलन तथा विक्री कार्यको

## शिलवन्दी वोलपत्र आह्वानको सूचना

**(तेस्रो पटकको सूचना प्रकाशित मिति :- २०७५/०९/१२)**

यस कार्यालयवाट आ.व. ०७५/०७६ का लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को १ को (च) र दफा ११ को घ को (६) वमोजिम ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढङ्गा, खरीढङ्गा, अभ्रख जस्ता प्राकृतिक श्रोतमा प्रदेश सरकारले निर्धारण गरेको करको दर अनुसार धर्मदेवी नगरपालिकाको आर्थिक ऐन २०७५ को अनुसूचि ३ को दफा ३ मा व्यवस्था भए वमोजिम धर्मदेवी नगर पालिकाको तेस्रो नगरसभाको मिति २०७५/०३/३२ गतेको निर्णयानुसार वेहायमा उल्लेखित नगरक्षेत्राधिकार भित्रका अरुणनदी, पिलुवाखोला, मायाखोलाहरुवाट ढुङ्गा, गिटी, वालुवा, रोडा, स्लेटचुनढङ्गा, खरीढङ्गा, अभ्रख आदि निजी खानीहरुबाट समेत उत्खनन/संकलन र विक्री कार्यको लागि आ.व. ०७५/०७६ को वाँकी अवधि (२०७६ जेष्ठ मसान्त सम्म) का लागि ठेक्का वन्दोवस्त गर्न मिति २०७५।०८।१० मा प्रथम पटक प्रकाशित सूचना र मिति २०७५/०९/०४ मा दोस्रो पटक प्रकाशित सूचना अनुसारको अवधिभित्र कुनै पनि शिलवन्दी वोलपत्र दर्ता हुन नआएकोले कार्यालयको मिति २०७५/०९/१२ ओ निर्णय अनुसार पुनः तेस्रो पटक - ३ (तीन) दिने सूचना प्रकाशित गरिएको छ । सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ३ (तीन) दिन भित्र वोलपत्र फारम खरीद गरी ४ (चौथो) औं दिनको मध्यान्न १२:०० वजे सम्म देहायको सर्त वन्देजमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासित गरिएकोछ । शुल्क अशुली सम्वन्धी दररेटको विवरण तथा कर संकलन सम्वन्धी थप शर्तहरु वोलपत्र फारम साथ उपलब्ध गराईने छ । साथै दररेट सम्वन्धी विवरण र ठेक्का सम्वन्धी थप जानकारी यस कार्यालयको राजश्व तथा आर्थिक प्रशासन शाखामा कार्यालय समयभित्र सम्पर्क राखेर वा यस नगरपालिकाको वेभ पेज www.dharmadevimun.gov.np वाट समेत लिन सकिनेछ ।

| ठेक्का संकेत नं. | कामको विवरण | वोलपत्र फारम दस्तुर रु. | उत्खनन/संकलन तथा निकासी गर्न सकिने परिमाण | न्यूनतम अंक(मू.अ.क. वाहेक) |
|---|---|---|---|---|
| ०१/०७५ /०७६ | धर्मदेवी नगरपालिका भित्रका स्वीकृत IEE प्रतिवेदन वमोजिमका मायाखोला, पिलुवाखोला, केवाखोला वाया तर्फ, अरुणनदी र अक्करभिरसम्मको ढुङ्गा, गिटी, स्लेट, वालुवा, रोडा, ग्राभेल, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख आदि उत्खनन/संकलन तथा निकासी कार्य । | ३,०००।- | ११,५६,२२५।८५ क्यू. फिट | ३२,१४,०४८।- |

प्रमुख प्रशासकीय अधिकृत